पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, आषाढ ३१ गते, २०८२ साल (संख्या २


## भाग १

## पोखरा महानगरपालिका विनियोजन ऐन, २०८२

**(आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

**प्रस्तावना**: पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २२९ को उपधारा २ बमोजिम पोखरा महानगरपालिकाको १७ औं नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम पोखरा महानगरपालिकाको विनियोजन ऐन २०८२ रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेबाट लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) आर्थिक वर्ष भन्नाले हरेक वर्षको श्रावण महिनाको एक १ गते देखि देखि अर्को वर्ष आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ।

(२) महानगरपालिका भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ।

(३) विनियोजन भन्नाले सभाद्दारा विभिन्न सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्दछ।

(४) संविधान भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(५) संचित कोष भन्नाले पोखरा महानगरपालिकाको संचित कोष सम्झनु पर्दछ।

(६) सभा भन्नाले पोखरा महानगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(७) कार्यपालिका भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार**

(१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त रु ८,३५, १२, ००,००० (आठ अर्ब पैतिस करोड बाह्र लाख रुपैयाँ मात्र) मा नबढाई बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

(२) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आ.व. २०८२/०८३ को निमित्त पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

४. **कार्यक्रम कार्यान्वयन :** (१) स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SUTRA मा प्रविष्ट भएका बजेट तथा कार्यक्रम र सोमा थपघट हुने बजेट तथा कार्यक्रम समेत कार्यान्वयन गर्न सम्बन्धित खर्च केन्द्रलाई अख्तियारी हुनेछ।

(२) स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SUTRA मा प्रविष्ट भएका सम्बन्धित खर्च केन्द्रको स्वीकृत बजेट भन्दा बढीको दायित्व सृजना हुने गरी कुनै सम्झौता गर्न पाईने छैन साथै स्थानीय संचित कोष व्यवस्थापन प्रणाली क्त्च्ब मा प्रविष्ट नभएका वा आफ्नो खर्च केन्द्रलाई अख्तियारी नभएका योजना कार्यक्रम सम्झौता र कार्यान्वयन गर्न पाईने छैन।

(३) उपभोक्ता बाट निर्माण कार्य गराउँदा कम्तिमा १० प्रतिशत जनसहभागिता जुटाउनु पर्नेछ।

(४) बेरुजु बाँकी रहेका उपभोक्ता समितिलाई बेरुजु फछ्यौट् नभै नयाँ योजना सम्झौता गर्न पाईनेछैन।

(५) योजना तथा कार्यक्रम चैत्र मसान्त सम्म सम्झौता वा खरिद प्रकृया जेठ मसान्त भित्र सम्पन्न गरि असार १५ भित्र भुक्तानी लिइसक्नुपर्नेछ।

(६) रु. एक करोडसम्मको योजनाहरुमा कन्टिन्जेन्सी रकम काट्न पाइने छैन।

(७) वार्षिक विकास कार्यक्रममा शुरु विनियोजन रकमको चार गुणा भन्दा बढी दायित्व पर्ने गरी कार्यपालिकाले बहुबर्षीय योजना स्वीकृत गर्न पाउने छैन।

५. **रकमान्तर :**

(१) स्वीकृत बजेटको कुनै एक उपशीर्षकको कुनै एकको खर्च शीर्षकबाट सोही उपशीर्षकको अर्को खर्च शीर्षकमा वा अर्को उपशीर्षकको कुनै खर्च शिर्षकमा कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ तर पूँजीगत कार्यक्रमबाट चालु कार्यक्रममा रकमान्तर गर्न सकिने छैन।

(२) उपदफा क बमोजिम रकमान्तर गर्दा जुन शीर्षकमा रकमान्तर गर्ने हो सो शिर्षकमा शुरु विनियोजन रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिनेछ।

(३) शुरु बजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न पाईने छैन।

६. **कार्यक्रम संशोधन :** स्वीकृत बजेटको कुनै कार्यक्रमको नाम सामान्य संशोधन, स्थान/वडा संशोधन गर्ने अधिकार कार्यपालिकाको हुनेछ तर स्वीकृत कार्यक्रमलाई प्रतिस्थापन गरी नयाँ कार्यक्रम ल्याउन पाईने छैन। स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनको संशोधन भने प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछन।

७. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिमको रकमान्तर गर्ने तथा कार्यक्रम संशोधन गर्ने अधिकार कार्यपालिकाले नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**प्रमाणिकरण मिति**

२०८२।०३।३१

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**